नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।
पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ३७ पौष १२ गते, बिहीबार 27, Dec. 2012 मूल्य रु. १० ।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www .jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।
संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

## 'नेपाल सनातन धर्मसापेक्ष हिन्दूराष्ट'

हरि पन्त/ज्योतिष भविष्यवाणी

**पोखरा** : वि.सं.२०६२/२०६३ को जनआन्दोलन पछि सम्पन्न संविधानसभाको बैठकले नेपालको २ सय ४० वर्षीय राजतन्त्रसंगै विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालमा धर्मनिरपेक्षताको घोषणा गरेको थियो । त्यतिबेला करीब ८० प्रतिशत हिन्दूधर्मावलम्वी रहेको राष्ट्रमा धर्मनिरेपक्षताको निर्णय गर्दा कुनैपनि जनताको मत लिइएन र संविधानसभाबाट सो निर्णय पारित गरे ।

८० प्रतिशत हिन्दूधर्मावलम्वीले आफ्नो मान मर्दन भएको भन्दै विधिन्न धार्मिक संघ/संस्था तथा व्यक्तिहरूले आन्दोलनमात्रै गरेरनन् नेपालको पुरानो पार्टी गनिने राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले धार्मिक रथयात्रा नै गरेर धर्मसापेक्षतामा जनताको मत लिने काम गरेको छ । राप्रपा नेपालका अध्यक्ष कमल थापाले विश्वको एकमात्र 'सनातन धर्मसापेक्ष हिन्दूराष्ट्र नेपाल' मा धर्मनिरपेक्षता घोषणा गरेपछि नेपालको अस्तित्व सङ्कटमा परेको बताउनुभएको छ ।

हिन्दूराष्ट्र पुनर्वहाली तथा अन्य समसामयिक मुद्धाको माग राख्दै राप्रपा नेपालले यहि पौष २ गतेदेखि जनकपुरबाट शुरु गरेको रथयात्रा ९ दिन लगाएर पोखरा आईपुगेपछि कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष कमल थापाले धर्मनिरपेक्षताले नेपालको अस्तित्व खतरामा पर्नुका साथै पहिचान समेत गुम्दै गएकाले यसलाई रोक्न आफ्नो पार्टीले धार्मिक रथयात्रा अभियान थालेको बताउनुभयो । सबै धर्मका बीचमा एकता र सद्भाव कायम गर्न नेपालमा गरिएको धर्मनिरपेक्षताको निर्णय फिर्ता हुनुपर्ने बताउँदै अध्यक्ष थापाले भन्नुभयो, 'नेपालीहरू जुनसुकै पार्टीमा आस्था राख्ने, जुनसुकै धर्म मान्ने र जुनसुकै ठाउँमा बसेको भएपनि हिन्दूराष्ट्र चाहिएको छ ।' 'नेपाल विश्वधर्मको उद्गम केन्द्र हो' उहाँले भन्नुभयो, 'इतिहासको प्रारम्भदेखि नै यो भूमिमा बस्ने मानवजातिबीच सद्भाव, एकता र प्रेम रहेको छ, सनातन धर्म वैदिक मन्त्रमा आधारित छ, यो अत्यन्तै उदार मान्यता हो । त्यसैले नेपालका लागि हिन्दूराष्ट्रनै ठीक छ ।'

'राप्रपा नेपालले थालेको धार्मिक जागरणले नेपाललाई सनातन धर्म सापेक्ष हिन्दूराष्ट्र पुनर्वहाली गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ' पूर्व गृहमन्त्री समेत रहेका थापाले भन्नुभयो, 'हिन्दूधर्मले सबैधर्मसंग समान अधिकार, एकता र सद्भाव कायम गरेको छ, धर्मको आधारमा विवाद र द्वन्द नभएको अवस्थामा नेपालमा धर्मनिरपेक्षता उचित छैन ।'

'समुद्रमा अन्य नदीहरू मिसिए झैं हिन्दूधर्म भएको ठाउँमा अन्य धर्मपनि आउनु ठीक हो, अन्य धर्मलाई हामीले अतिथि देवो भव: सम्झनुपर्छ, हिन्दू धर्मावालम्वीले अन्य कुनैपनि धर्मको विरोध गर्नु हुन्न' अध्यक्ष थापाले भन्नुभयो, 'सबैलाई समान अधिकारका लागि धर्मनिरपेक्षता ठीक छ तर यहाँ हिन्दूधर्मको कु-प्रचार गर्दै योजनावद्ध तरिकाले लोभ लालच


तस्वीर : ज्योतिष भविष्यवाणी

र विभिन्न बाहनामा धर्म परिवर्तन गर्न लगाईएको छ, त्यो नेपालको कानून विपरीत छ, कानून विपरीत काम गर्ने अधिकार कसैलाई छैन ।' हिन्दूधर्मको कु-प्रचार गरेर धर्म परिवर्तनमा नलाग्न आग्रह गर्दै अध्यक्ष थापाले भन्नुभयो, 'वि.सं.२००७ सालमा २०/२५ जनाको समूहमा नेपाल छिरेका केही धर्मावलम्वीले अहिले २५ लाख भएको दावी गरेका छन् ।विभिन्न बाहनामा हिन्दूधर्मको कु-प्रचार गरी हिन्दू धर्मा वलम्वीलाई नै निरुत्साहित गर्ने गरी २५ लाख दावी गर्नु नेपालको कानून विपरीत भएकाले त्यो दावी स्वीकार्य हुँदैन ।' 'सदियौंदेखि रहिआएको पहिचान सकिन नदिन निकालेको आवाजलाई अन्य पार्टीहरूले राजनीतिकरणको संज्ञा दिएका छन्' उहाँले भन्नुभयो, 'पहिचान मास्ने काम राजनीतिक पार्टीहरूले नै गरेका हुन्, यसलाई रोक्न आवाज उठाउँदा राजनीतिको संज्ञा दिन्छन् भने यसले अझै चर्को रुप लिनेछ ।'

बाहृय शक्तिको उक्साहटमा षड्यन्त्रपूर्ण तरिकाले धर्म निरपेक्षताको घोषणा गरिएको बताउँदै अध्यक्ष कमल थापाले

बाँकी ५ पृष्ठमा...

## विमानस्थल नबन्नु 'राजनीति'

ज्योतिष भविष्यवाणी

**पोखरा** : केही समय अघिसम्म पोखरामा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थलको माग गर्दै समग्र पश्चिमाञ्चलवासी आन्दोलनमा उत्रिएका थिए । पोखराबाट आ-आफ्नै खर्चमा आफ्नै सवारी साधन लिएर काठमाडौंको सिंहदबार घेरेर दवाव दिन तम्सिएका पश्चिमाञ्चलवासीले दशैंजस्तो महान पर्वमा समेत आन्दोलन रोकेनन् ।

नयाँ रणनीति अपनाउने र चिसो मौसमको कारण देखाउँदै जारी आन्दोलन स्थगित गरेर चुपचाप लागेर बसेको सरोकार समिति अहिले आएर राजनीतिक कारणले विमानस्थल नबनेको बताउन थालेको छ । नेपाल प्रेस युनियनले

बाँकी ४ पृष्ठमा...

## 'राजनीति कारण होइन'


डा. रामशरण महत

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ढिलाई हुनु राजनीतिक कारण नभएको स्पष्ट पार्नुभएको छ । नेपाल प्रेस युनियनले सोमबार पोखरामा आयोजना गरेको लोकतन्त्र र प्रेसको अन्तर्सम्बन्ध एवम् पोखरामा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल आवश्यकता र चुनौति विषयक बहस कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि डा.महतले विमानस्थल पोखरेलीकोमात्र सरोकार नभएर राष्ट्रिय सरोकार भएको बताउनुभयो । 'विमानस्थलका लागि पोखरा वासीभन्दा राजनीतिक दलका नेता तथा तिनका पार्टीहरू गम्भीर छन्' उहाँले भन्नुभयो,'पोखरेलीले आफ्नोमात्र सरोकार हो भन्ने भ्रम नपाल्न आग्रह गर्दछु ।' 'विमानस्थल नबन्नु पैसाको खेल हो' डा.महतले भन्नुभयो,'लागत इस्टिमेट भन्दा दोब्बर रकम लाग्नुको अर्थ भ्रष्टचार नै हो, यसको खोजीनीति गर्न पोखरेलीले सक्नुपर्दछ ।' हरेक विकास योजनालाई सुनको अण्डा पार्ने कुखुरी सोच्ने गरेकाले देशको अर्थतन्त्र खस्किंदै गएको बताउँदै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष समेत रहनुभएका डा.महतले भन्नुभयो, 'विदेशीको लगानीले आयोजना संचालन गर्नुभन्दा थोरै-थोरै भएपनि राज्यको आफ्नै लगानीमा शुरु गर्नुपर्छ ।' यसैबीच डा.महतले कांग्रेसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन सबैदल सहमत भएपनि प्रधानमन्त्री डा.बाबुराम भट्टराई बाधक भएको बताउनुभयो । राष्ट्रिय सहमतिको सरकारले आर्थिक समृद्धिमा विशेष जोड दिनुपर्ने डा. रामशरण महतको धारणा थियो ।

## सुरक्षा रणनीति अपनाउन पोखरामा गोष्ठी

ज्योतिष भविष्यवाणी

**पोखरा** : राजनीतिक तथा अन्य कारण राज्यको सुरक्षा व्यवस्था खस्किंदै गइरहेको बेला सुरक्षाका नयाँ रणनीति अपनाउँदै कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न गृहसचिव समेत सहभागी दुईदिने क्षेत्रीय सुरक्षा गोष्ठी पोखरामा शुरु भएको छ ।

बैठकलाई सम्बोधन गर्दै गृहसचिव नविनकुमार घिमिरेले राजनीतिक संक्रमणकाल र अस्थिरतासंग शान्ति सुरक्षाको सम्झौता गर्न नसकिने बताउनुभएको छ । 'शान्ति प्रतिवद्धता, सुरक्षा राज्यको प्राथमिकता' सचिव घिमिरेले भन्नुभयो, 'पहिचान तथा अन्य वाहनामा अस्वभाविक द्वन्द देशमा सृजना भएको छ, यसमा चनाखो र सतर्क भएर सुरक्षा निकायले काम गर्नुपर्छ ।' अहिलेको अवस्थामा पुरानै बजेटले काम गर्नु परेको बताउँदै घिमिरेले भन्नुभयो, 'बजेट र साधन स्रोत सीमित भएपनि सुरक्षा व्यवस्थापन कमजोर हुनुहुँदैन ।' भ्रष्टचार घटाउन सरकारले लिएको शून्य शहनशीलताको रणनीति भाषणमामात्र सीमित भएको बताउँदै घिमिरेले यसको फाइदा उठाउँदै अन्य तत्व हावी छ, यसलाई सिडियोले टुलुटुलु हेर्नु बाहेक अन्य केही गर्न सकेनन्, आगामी दिनमा त्यस्तो नगरी कानूनी कार्वाही गर्नुपर्नेमा जोड दिनुभयो ।

गृहसचिव घिमिरेले सुरक्षा निकायको क्षमतामाथि प्रश्न उठ्ने काम नगर्न र उत्पन्न परिणामको आत्म समिक्षा गर्दै अघि बढ्न सुरक्षा निकायहरूलाई निर्देशन दिनुभयो । बैठकमा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक सुमनप्रसाद शर्माले पश्चिमाञ्चलमा शान्ति सुरक्षाको अवस्था राम्रो भएको दावी गर्दै शान्ति सुरक्षा राम्रो/नराम्रो सापेक्षित कुरा भएकोले सुधारका सम्भावना जहिले पनि भईरहने बताउनुभयो ।

'पश्चिमाञ्चल पर्यटकीय क्षेत्र भएकाले विशेष सम्वेदनशील क्षेत्र हो'उहाँले भन्नुभयो, 'पश्चिमाञ्चलको पर्यटकीय क्षेत्रमा नयाँ सुरक्षा रणनीति आवश्यक छ ।' नयाँ सुरक्षा रणनीति निर्माण र कर्मचारीको क्षमता विकास गर्न आवश्यक भएको बताउँदै क्षेत्रीय प्रशासक शर्माले भन्नुभयो कर्मचारीलाई उच्च मनोवल प्रदान गर्न सरकारसंग आग्रह गर्नुभयो । 'सुरक्षा प्रदानमात्र होइन अनुभूति गर्ने विषय हो,' उहाँले भन्नुभयो,'स्तरीय जनमैत्री सेवाका लागि कर्मचारीको व्यवहार सुध्रन अतिआवश्यक छ ।' ग्रामिण इलाकाका सुरक्षाचौकी तथा कारागार अति जीर्ण अवस्थामा रहेकाले पुन:निर्माणका लागि बजेट निकासा गर्नुपर्नेमा क्षेत्रीय प्रशासक सुमनप्रसाद शर्माको जोड थियो । त्यस्तै गृह सह-सचिव शंकर कोइरालाले सुरक्षाको सम्बन्धमा सम्पूर्ण निकायले राम्ररी अवगत गराए सुरक्षा

बाँकी ५ पृष्ठमा...

## सेवा र पैसा एउटै होइन : के.सी.

ज्योतिष भविष्यवाणी

**पोखरा** : 'सेवा गरे मेवा पाइन्छ', 'अल्छी तिघ्रो स्वादे जिब्रो' भन्ने पुरानो नेपाली उखानहरू सुन्नमा पाइन्छ । कलियुगले छोप्दै गईरहेको समयमा मानिसले सेवाभन्दा बढी मेवा खोज्ने प्रचलन हावी हुँदै गईरहेको महशूस हुन थालेको छ । पुराना नेपाली उखान आजको समयमा पनि लागू भइरहेको छ सेवा नगरी मेवा पाईदैन र यदि कसैले सेवा नगरी मेवा लिन खोज्छ भने कानून विपरीतमात्र हुँदैन दीगो समेत हुन सक्दैन ।


तस्वीर : सुदर्शन रञ्जित

सेवा भनेको धर्म हो र जुनबाट केही आश गर्न हुँदैन, पैसा भनेको शत्रू निम्त्याउने राक्षस हो । जुन कुरालाई पोखरा युवा व्यवसायी तथा हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश के.सी.ले पनि स्वीकार गर्नुभएको छ ।

उहाँले धार्मिक काम सेवा र शत्रु निम्त्याउने पैसाबीच तुलना गर्न नहुँने बताउँदै भन्नुहुन्छ,'कुनैपनि सेवा र पैसा एउटै नभएकाले सेवालाई मूल्यमा दाँज्न कहिल्यै हुँदैन ।' सहारा क्लव पोखराको आयोजनामा आगामी माघ ९ गतेदेखि संचालन हुने आहा! रारा गोल्डकप-२०६९का लागि निर्माण गरिएको सहारा गीति भिडियोको विमोचन गर्दै के.सी.ले यस्तो धारणा व्यक्त गर्नुभएको हो । हिमश्री फुड्सको तर्फबाट विगत १० वर्षदेखि सहारा क्लव पोखरालाई निरन्तर सहयोग गर्दै आउनुभएका निर्देशक के.सी.ले नियत राम्रो भए सेवा कहिलै सानो र ठूलो नहुने बताउनुभयो । सहारा क्लव सबैको मनमुटुमा बस्न सफल भएको बताउँदै के.सी.ले भन्नुभयो, 'सहारा क्लवले सबैलाई प्रेरणा दिएको छ, यसैबाट सबैले पाठ सिक्न सबैलाई आग्रह समेत गर्दछु ।' 'देशका नेता नालायक भएपनि

बाँकी ३ पृष्ठमा...

**ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# राष्ट्ररक्षक प्रहरी, सेना बन्धु जयनेपाल !

नेपाल अधिराज्यको शान्ति, सुरक्षामा नेपाल प्रहरी तथा सेनाको योगदान ज्यादै महत्वपूर्ण रहिआएको छ । नेपालभित्रमात्र होइन नेपाली प्रहरी, सेनाले विश्व शान्तिका लागि पुऱ्याएको योगदान जति प्रशंसा गरेपनि कमै हुन्छ । चाहे राणकाल होस् चाहे पञ्चायती व्यवस्था अथवा प्रजातान्त्रिक बहुदलीय व्यवस्था प्रहरी र सेनाले आफ्नो महत्वपूर्ण दायित्व निर्वाह गर्नमा अग्रपंक्तिमा रहेका छन् । पछिल्लो गणतान्त्रिक नेपालमा समेत प्रहरी र सेनाको भूमिका आम जनताप्रति अभिभावकको रुपमा पाइएको छ । राजनीतिक पार्टीका नेताले आफ्नो पार्टी बदले, पार्टी फूटेर अर्कै दल गठन गर्दै नयाँ नेतापनि बन्दै गए, प्रजातन्त्रवादी लोकतन्त्र, गणतन्त्र जे-जे वादी हुँदै गएपनि नेपालका प्रहरी, सेना ध्रुवतारा जस्तै अटल छन्, आँफूले राष्ट्रलाई दिने सेवा सदा अविरल रुपमा दिइरहेका छन् ।

संविधान बनाउने भनेर आम जनताले चुनेर सदनमा पठाएका राजनीतिक पार्टीका सांसद, मन्त्री विना संविधान चार-चार वर्ष फेल हुँदा पनि राष्ट्र हाँक्ने सही निकाय कुन हो ? अत्तोपत्तो नहुँदा-नहुँदै पनि जे जस्तो शान्ति नेपालमा कायम छ त्यो प्रहरी र सेनाकै कारण सम्भव भएको कुरामा कुनै दुईमत छैन । नेपालको व्यवस्थापिकाको अस्तित्व छैन, न्यायपालिकामा न्यायाधीशको पदीय म्याद समाप्त हुँदै गईरहेको र नयाँ न्यायाधीशको नियुक्तिको निकाश न निस्किएको अवस्थामा आगामी दिनमा प्रहरी र सेनाको बललेमात्र देशको शान्ति सुरक्षा कसरी सम्हाल्ने टड्कारो समस्या आँगनको डिलमा आइपुगिसकेको छ । माओवादी सरकार कुनैपनि हालतमा चुनाव हुन दिने सोचमा छैन, दिनेवाला पनि छैन, अर्को कुनै पार्टीको सरकार हुन दिनेवाला पनि छैन । माओवादीका नेता तथा कार्यकर्ताको बलले भेटेसम्म अब नेपालमा बहुदलीय प्रजातान्त्रिक परिपाटीले चुनाव हुनेवाला छैन । ३३ पार्टीबाट बढ्दै ११४ पार्टी हुन गएका नेपालका नेताको हविगत 'बा ! खनियुँको रुख पतक्कै नुगाएँ' छोराले भन्दा 'तेरो खुट्टीदेखि पताएँ' भनेजस्तो भएको छ । नेपालका नेताको हातमा सत्ताको चावी छैन, चावी अर्कैको हातमा छ भनिसक्नु भएको छ हालका प्रधानमन्त्री डा. बाबुराम भट्टराईले । एकातिर नेपालका नेता जे मन लाग्यो त्यहि बोल्दै हिंड्छन्, अर्कातर्फ हाम्रै प्रहरी, सेना राष्ट्रिय सवालमा यति कट्टर छन् कि सियो बराबर राष्ट्रियता विरुद्ध गएको छैन । यद्यपि प्रहरी, सेनाको मनोवल कमजोर पार्ने खेल हुने गरेका छन् जसले गर्दा प्रहरी सेनाका कर्मचारीमा अलिकति निराशापनको अनुभव देख्न सकिन्छ ।

तर प्रहरी, सेना आफ्नो स्वाभिमानता, वीरतापूर्ण कर्तव्यमा अडिग छन् भन्ने प्रमाण प्रहरी महानिरीक्षक कुवेरसिंह राना आँफैपनि हुनुहुन्छ, जसलाई प्रदान गरिएको पुरस्कार पनि फिर्ता गर्नेजस्तो घटिया व्यवहार उहाँविरुद्ध देखाइएको थियो । तर त्यो उहाँ विरुद्धको घटिया व्यवहारलाई उहाँको इमान्दारीताले हाल विस्थापित गरिदिएको छ । कुवेरसिंह रानाजस्ता इमान्दार व्यक्तित्व शोषित, पीडित हुनुपर्दो रहेछ भने अरु कति शोषित पीडित हुनुपरेका होलान् भन्ने अनुमान आम जनताले गरिरहेकै अवस्थामा राना प्रहरी महानिरीक्षक जस्तो पदमा अरुलाई पराजित गर्दै स्थापित भएपछि 'कर्म गर फलको आशा नगर समयले सही मूल्याङ्कन कुनैदिन गर्छ-गर्छ' भन्ने प्रमाण प्रहरी महानिरीक्षक कुबेरसिंह राना हुनुहुन्छ । नेपालको यति ठूलो प्रहरी, सेनाको संगठनमा खेल खेल्न चाहनेको जमात जति भएपनि प्रहरी, नेपालका सेनाको सबैबाट उच्च कदर गरिनुपर्दछ । प्रहरी, सेनाको शक्ति नै राष्ट्रको प्रमुख शक्ति हो । प्रहरी र सेना सुरक्षित रहे राष्ट्र, आम जनता सुरक्षित रहन्छन् । त्यसकारण आम जनता, पत्रकार, कानून व्यवसायी, व्यवसायी, शिक्षक, छात्र-छात्रा जो कसैले प्रहरी, सेनाको उच्च सम्मान कदर गर्नुपर्दछ । जसरी प्रहरी, सेनाका कर्मचारी आफ्नो वेशभुषा, सदासर्वदा आफ्नो दायित्व निर्वाह गर्नमा तल्लिन हुन्छन् त्यस्तै अरु निकाय पनि हुनसके जनता र राष्ट्रको ईज्जत कति उच्च हुन सक्थ्यो । राजनीतिक पार्टीका नेतासंग भएको करोडौंको कमाई प्रहरीको हुँदैन । नेपालका प्रहरी, सेनाले पाउनुपर्ने न्यूनतम् सेवाबाट पनि बञ्चित भएको अवस्था छ । प्रहरी, सेनाले ड्यूटी गर्ने ठाउँमा न्यूनतम् पूर्वाधारको व्यवस्था छैन । तैपनि नेपालका प्रहरी, सेनाको कर्मप्रतिको लगनशीलतामा कुनै बेला कमि आएको छैन । इमान्दार व्यक्तित्वका लागि प्रहरी, सेना, रक्षक हुन् भने अपराधीका लागि भक्षक पनि हुन् । त्यसकारण ईमान्दार नागरिकले प्रहरी, सेनाका कर्मचारीप्रति जहिले पनि सकारात्मक सोंच र सहयोगी बानी गर्नुपर्दछ । गलतलाई दण्ड, जरिवाना र असल, इमान्दार नागरिकलाई रक्षा गर्ने व्यक्तित्व हो प्रहरी, सेना, ट्राफिक प्रहरी ।

त्यसकारण हामी सबै के बालबालिका, के मजदूर, के किसान, व्यवसायी जो कसैले प्रहरी, सेनाप्रति सद्भाव, सहयोग गर्नुपर्दछ तबमात्र हामी आँफू सुरक्षित हुन सक्दछौं । नेपालको कुनैपनि सरकारी निकायमध्ये प्रहरी, सेनाको निकाय निर्मल, स्वच्छ छविको रहिआएको छ । त्यसकारण आँफू गलत कर्मगरी यी निकायको छवि धमिल्याउने कार्य गर्नु जघन्य अपराध हो । ज्योतिष भविष्यवाणीले नेपाली प्रहरी, सेनाको भूमिका, कर्तव्य निर्वाहलाई ज्यादै प्रशंसनीय पाएको छ । समस्त आम नेपाली जनताका संरक्षक प्रहरी, सेनामा संलग्न दाजुभाइ, दिदीबहिनी तपाईहरूको महान त्याग बलिदानलाई हाम्रो हार्दिक न्यानो जय नेपाल ! नेताले जति गद्दारी गरेपनि, आम जनताको पूरा साथ नपाएता पनि समग्र हामी धर्मप्रति विश्वास गर्नेको शक्ति तपाईहरूलाई छ अगाडि बढ्दै गर्नोस्, बढ्दै गर्नोस् । जय नेपाल !

# प्रहरी-ज्योतिषी जम्काभेट

**ज्यो. डा. बलराम उपाध्याय रेग्मी**

कुरा वि.सं.२०३९ चैत्रदेखि २०४० सालको हो । काठमाडौंको कीर्तिपुर माथिल्लो बजारको बीचैमा 'युवा ज्योतिषी कार्यालय' को साइनवोर्ड लगाई दुईवटा कुर्ची राखेर म बिहान बेलुकी दुई/दुई घण्टा ज्योतिष परामर्श दिंदै अंग्रेजी एम.ए., बी.एड. र नेपाल ल क्याम्पसमा बी.एल. रेगुलर पढ्दै थिएँ ।

कीर्तिपुरमा डेरा गरी बस्ने त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका केही छात्र रिसले आगो भएका थिए । ए ! हामीले भने घर जग्गा बेचेर एम.ए. पढ्न आउने, यो मोराले यहीं ज्योतिष कार्यालय खोलेर यतैको कमाइले एम.ए., बी.एड., बी.एल. पढ्ने ? कहिले ज्योतिष ठग विद्या हो भन्दै ज्योतिष कार्यालयको बोर्ड फ्याक्न आउँथे । हेराउन आउनेमध्ये कतिपय व्यक्ति भन्थे पञ्चायत कहिले समाप्त हुन्छ ? यसको उत्तर दिन प्राइभेट ज्योतिषीले जरुरी थिएन तर व्यापक व्यक्तिको चाँसो त्यसैमा छ भने आँफू कत्तिको जान्ने हो त सबैलाई सार्वजानिक देखाउन पनि ज्योतिष भविष्यवाणी गर्नैपर्ने भयो पञ्चायत ढल्ने । नेपालवाणी (साप्ताहिक) मा वि.सं.२०४३ मा पञ्चायत समाप्त हुने भनि मेरो भविष्यवाणी प्रकाशित भएपछि मेरो विरोधीलाई सुगम भयो मलाई कार्वाही गर्न । कीर्तिपुरको एकछात्रको टोली तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेट्न पुगेछन् । 'प्रधानमन्त्रीज्यू तपाईंको सरकार ढल्ने, पञ्चायत समाप्त हुने भनेर भविष्यवाणी गर्दा पनि ज्योतिषीलाई कार्वाही गर्न नसक्ने किन हो ?' प्रधानमन्त्री चन्दले भने, 'गुरुले आमजनताको व्यक्तिगत भविष्यवाणी गर्ने, सरकार बारे नगरेपनि हुन्थ्यो ।' पटक-पटक ज्योतिषी विरुद्धको टोली भेट्न गएपछि ज्योतिषीलाई गिरफ्तारी गरेर केहीदिन त चौकीमा राखेजस्तो गर्नैपर्ने भयो भनेर युवा ज्योतिष कार्यालय कीर्तिपुरमा प्रहरी पठाइएको रहेछ ।

ज्योतिष कार्यालयमा भिडभाड थियो, दिन सार्वजनिक विदा परेकाले । एकजना १३ वर्षे छात्रा आइन् 'बाजे मैले लभ गरेकै केटोसंग विवाह होला कि ममि ड्याडीले खोजेको संग ?' उनको हात हेरेर मैले जवाफ दिएँ-'तिम्ले लभ गरेको केटासंग विवाह हुन्छ।' कीर्तिपुरका नेवार्नी केटी लभ गरेर विवाह गर्ने छूटको वातावरणमा भएको सर्वत्र चर्चा हुन्थ्यो । त्यस्तै कसैले यो वर्ष दिएको परीक्षामा उत्तीर्ण हुन्छु कि हुन्न ? कसैले जागीर कहिले लाग्ला ? कसैले जागीरमा प्रमोशन कहिले होला ? कसैले कुन उमेरमा चुनाव लडेमा जित्छु ? जस्ता प्रश्न सोध्दै गए । त्यसताका विदेशमा जानु ठीक छ कि छैन ? भिसा लागे कुन देशको ? भन्ने प्रश्न कसैले गर्दैनथे । दिन कसरी बित्यो थाहै भएन । बिहानदेखि बेलुकीसम्म चिना र हात हेर्दा थकाई र भोक दुवै लागेको थियो । झपक्क साँझ पर्नै लागेको छ, एउटा सिविल ड्रेसको मान्छे कार्यालयमा छन् । आएदेखि एक शब्द बोलेका पनि छैनन् । काम के हो ? भनेका पनि छैनन् । 'तपाईंको केही काम थियो कि अब कार्यालय बन्द हुने बेला भयो भन्दा ती मान्छेले यताउता हेरे । अनि अलि-कति नजिक आए । 'गुरु ! किन ढाँट्ने हो, म तपाईलाई गिरीफ्तारी गर्न आएको हुँ । तपाईले पुरुषोत्तम दाहाल सम्पादक रहेको नेपालवाणी (साप्ताहिक)मा पञ्चायत समाप्त हुने २०४३ मा भनेर छाप्नु भएछ ।

त्यसकारण माथिको आदेशले म तपाईलाई गिरफतारी गर्न आएको' उनले भने । मलाई पटक्कै विश्वास लागेन, डरपनि लागेन । ती व्यक्तिले फेरी भने-'गुरु ! म कालिमाटी प्रहरी चौकीबाट आएको हुँ । मेरो मुख्य काम त तपाईंलाई गिरफ्तारी गर्नुथियो तर तपाईंको ज्योतिष भविष्यवाणी मैले आज दिनभरी सुनें । कसैले चित्त बुझ्न भनेनन् । सबैले ठ्याक-ठ्याक पुग्यो भनेकाले तपाईले पञ्चायत समाप्त हुन्छ भनेर गरेको भविष्यवाणी पनि ठ्याक्क पुग्छ जस्तो मलाई लाग्यो । मेरोपनि चिना त छैन हात भएपनि हेरिदिनोस्' ती प्रहरीले भने । उनको विगतको कथा र सबै नालीबेली हातै हेरेर बताइदिएपछि उनी फर्के, अब पञ्चायत समाप्त हुनिभयो भन्दै । २०४३ मा गरेको भविष्यवाणी २०४६ मा ठ्याक्कै पुग्यो, पञ्चायत गयो । ती प्रहरी भाइले गरेको ज्योतिष प्रतिको आस्था खेर गएन ।

# 'ज्योतिष परामर्शबाटै परिवार पाल्छु'

**सीता रेग्मी**

**पोखरा** : शिवनगर-५, चितवनमा जन्मी पोखरेली पितमबहादुर गुरुङसंग विवाह गरी पोखरेली बनेकी कोपिलालाई ज्योतिष परामर्श सेवाबाट श्रीमान्, छोरा-छोरी सबै पाल्न सक्छु भन्ने आँट आएको छ । बाहुनकी छोरी भएरपनि गुरुङसंग लभ म्यारिज गर्न सक्ने आँट भएकी कोपिलाको जन्म २०३४ साल पौष १० गते भएको थियो । उमेरको १९ मा लभ म्यारिज गरेकी कोपिला गणित बिषयमा बी.एड. उत्तीर्ण गरेकी छिन् । पिता रामचन्द्र तिमिल्सिना, माता ऋषि मायाँकी प्रिय पुत्री कोपिलाको जीवन लभ म्यारिज गरेपछि मुर्झाउने हो कि भन्ने सर्वत्र चर्चा गरिएको थियो । एकदिन घर, परिवार, श्रीमान् कसैको मायाँ नपाएपछि आफ्नो भावी जीवनबारे समग्रमा जान्न मन लाग्यो । उनी आइपुगिन पोखरा-२, स्थित ज्योतिष भविष्यवाणी (साप्ताहिक) कार्यालयमा । उनको चिना हेर्ने ज्योतिषी डा.बलराम उपाध्याय रेग्मीले भन्नुभयो, 'कोपिलाजी! तपाई आँफै पनि ज्योतिष पढेर पेशागर्न सक्ने व्यक्ति हो ।'

झट्ट पत्यार नलागेपनि कोपिलाको आवत-जावत् ज्योतिष भविष्यवाणी कार्यालयमा हुँदै गर्दा करिब ३ महिना कसरी बित्यो थाहै भएन । चिना बनाउने, चिना हेर्ने दुईसय पूर्णाङ्कको पाठ्यक्रम पूरा गरेपछि कोपिलाको अनुहारमा आत्मविश्वासको भाव झलक्क झल्किन थाल्यो । तर ज्योतिष पढ्न पनि लुकी-लुकी आउनु पर्थ्यो उनलाई । महिलाले पनि



कोपिला गुरुङ

ज्योतिष पढ्न हुन्छ ? भन्ने नेपालमा अझ गुरुङले ज्योतिष पढे त आकाशै खस्ने चर्चा हुने पोखरामा कोपिलालाई सहज केही थिएन । तर घरपरिवार, श्रीमान्लाई थाहै नदिइ पढेको ज्योतिष विद्या जब घरमा काममा आउन लाग्यो तब उनी आश्चर्यमा छिन् । दुई-दुई पटक हराएको मुद्धामा

बाँकी ५ पृष्ठमा...

# 'राज्य विखण्डन रोक्न ब्राम्हण समाज'

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : ब्राम्हण समाजका केन्द्रीय अध्यक्ष तथा सह–प्राध्यापक नारायणप्रसाद अधिकारीले ब्राम्हण समाज नेपाल जातीय संस्था नभएको स्पष्ट पार्नुभएको छ । गीताञ्जली साहित्य परिवार रामघाट पोखराको १२१औं साधनाप्रभात कार्यक्रममा बोल्दै अधिकारीले भन्नुभयो,'केही व्यक्तिहरू ब्राम्हण समाजका पछाडि लाग्दै जातीय राज्य भनेर भ्रम छरेका छन्, सो भ्रममा नपर्न सबैमा मेरो आग्रह छ ।'

'हाम्रो लक्ष्य जातीय विभेदबाट समाजलाई मुक्त गराउनु हो' अध्यक्ष अधिकारीले भन्नुभयो, 'मुलुकमा १०३ जातजाति छन्, केही जातिको नाममा राज्य बनाउँदा देश विखण्डन हुन सक्छ । सो विखण्डन रोक्न ब्राम्हण समाज स्थापना गरिएको हो ।'

'सबै साजजाति र भाषाभाषी मिलेर बसेको देशमा जातीय राज्यको नारा जपेर द्वन्दतर्फ मुलुक जान लगेको छ' अध्यक्ष अधिकारीले भन्नुभयो, सबै जातजाति फूटेर होइन, मिलेर देशलाई समृद्ध बनाउनुपर्छ ।'



(नारायणप्रसाद अधिकारी)

ब्राम्हण समाजका अध्यक्ष भनेर सम्वोधन गर्दा सङ्कोच लाग्न थालेको बताउँदै अधिकारीले ब्राम्हण समाज जातीयताको होइन जातीय राज्यको विरोधी भएको बताउनुभयो । राज्यले सबै जातजातिलाई समान अधिकार दिनुपर्नेमा उहाँको जोड थियो । परिवारका अध्यक्ष सह–प्राध्यापक कृष्ण भण्डारी 'मुमुक्ष'को सभापतित्वमा शनिबार सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नारायणप्रसाद अधिकारी, परिवारका सल्लाहकार तीर्थराज अधिकारी, लोकगायक पदमराज ढकाल, साहित्यकार तथा पत्रकार रुद्रबहादुर थापा, साहित्य श्रृङ्खलाका संयोजक भीम रानाभाट, साहित्यकार तथा पण्डित देवेन्द्र भारद्वाज, साहित्यकार तथा ज्योतिष पत्रकार हरि पन्त, साहित्यकार काजी गाउँले, शंकर ज्ञवाली, महाकाव्यकार रामनाथ अधिकारी 'संगी', लक्ष्मण आचार्य, सन्दिप भण्डारी, विनायक शर्मा, शोभाकान्त गौडेल, कृष्णप्रसाद पन्त, नित्यानन्द भुर्तेल, प्रकाश ज्ञवाली, सीमा कुँवर, सपना नेपाली, पारु भण्डारी लगायतले रचना वाचन गर्नुभएको थियो । परिवारका उपाध्यक्ष शिवप्रसाद गौतमले स्वागत तथा सचिव लालमणि पौडेलले कार्यक्रमको संचालन गर्नुभएको थियो ।

नेपालको एकमात्र ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी' खोजी–खोजी पढौं । ज्योतिष भविष्यवाणी (साप्ताहिक) पत्रिकालाई www.jbweekly.com मार्फत विश्वको जुनसुकै कुनाबाट पनि पढ्न सक्नुहुनेछ । साथै समसामयिक विषयका समाचार तथा लेख समेत पठाउन सक्नु हुनेछ । इमेल :haripanta@gmail.com

# अथकको 'उल्टो बाँसुरी' सडकमै विमोचित

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : सबैलाई अचम्म लाग्न सक्छ 'सडकमै कृति विमोचन' भएको सुन्दा । यो कुनै कपोलकल्पित खबर होइन सत्य हो । साहित्यक एवम् पत्रकारिता क्षेत्रमा लामो समय सक्रिय रहँदै आएका कमल पौडेल अथकको १२औं कृति 'उल्टो बाँसुरी' अन्यभन्दा उल्टो शैलीमा विमोचित भयो ।

अन्य साहित्यकारका कृतिहरू ठूला होटलका सभाहल र ठूला मानिसको हातबाट ताम्झाम्का साथ विमोचित हुँदै गरेको पोखरामा अथकको फरक शैलीले सबैलाई अचम्भितमात्रै बनाएन हातमुख जोर्न मुस्किल पर्दा समेत आफ्ना कृति विमोचनमा ठूलो रकम खर्च गर्ने साहित्यकारलाई राम्रो पाठ सिकाएको छ । पत्रकारितामा पनि फरक शैली अपनाउँदै आएका अथकको कृतिको नाम पनि फरक छ 'उल्टो बाँसुरी !' मञ्च, माइक, टेवल कुर्सी र प्रमुख अतिथि बिना पोखरा महेन्द्रपुलस्थित हुलाक अगाडिको सडक पेटीमा पलेंटी कसेर बसेका कृतिकार अथकसंग आजको प्रमुख अतिथि को हो ? भन्दै आगन्तुक पुग्दै थिए । तब अथकले झोलाबाट पुस्तक निकाल्दै भने, 'तपाईंहरू नै हो अतिथि, पढ्नुस् छपाई मूल्य दिनुस् ।'

आफ्नो झोलाबाट भटाभट् पुस्तक निकालेपछि विमोचन हुन थाल्यो । कतिपय व्यक्तिले तपाईंको पुस्तकको भूमिका म लेखिदिन्छु पाण्डुलिपि ल्याउनुस् भन्ने र तपाईंको पुस्तकको प्रमुख अतिथि मलाई बनाउनुस् भन्दै स्रष्टाको चाप्लुसीमा लाग्नेहरूलाई समेत अथकको शैलीले झापड हानिदिएको छ । कृतिका स्रष्टा अथकले करिव डेढघण्टा सडकमा बसेर आफ्नो पुस्तक पाठकलाई किनाएर विमोचन गरेका हुन् । महेन्द्रपुल हुलाक अगाडिको फूटपाथको धुलोमा एउटा गुन्द्री ओछ्याएर कृतिका स्रष्टा अथक बसेका थिए । निमन्त्रणपत्रमा




तस्वीर सौजन्य : सुरेन्द्र पौडेल

उल्लेख भए बमोजिम कै समयमा शुरु भएको कार्यक्रममा आगन्तुक पाठकहरू कार्यक्रम कता हो ? भन्दै खोज्दै आए र पुस्तक किनेर स्रष्टालाई बधाई दिए । स्रष्टा अथकले करिब २ वर्ष लगाएर तयार पारेको सो कृति 'उल्टो बाँसुरी'मा २५ वटा खण्ड रहेका छन् । स्रष्टा पत्रकार भएका कारण पत्रकारिता भित्रका बेथिति र विसंगतिलाई पुस्तकमा उतार्ने प्रयास गरेका छन् । कृतिका स्रष्टा अथकले मञ्च तयार पारेर मञ्चबाट लिईने आशिर्वादले मानिसलाई आशक्ति र निष्ठूरी बनाउने भन्दै सडकमा बसेर गरिएको विमोचन उत्तम हुने भन्दै सो शैली अपनाएको बताए । उनले स्रष्टाका सिर्जना मागेर होईन किनेर पढ्ने बानी बसाल्नका लागि पनि कार्यक्रमले सघाउने विश्वास व्यक्त गरे । भूषण प्रकाशनको सहयोगमा पोखराका पुष्प व्यवसायी दयाकुमार द्वाले सो पुस्तक प्रकाशन गरेका हुन् । एउटा स्रष्टाले धेरै आफ्ना सिर्जनासंगै निकै संघर्षको साथ साहित्यिक तथा पत्रकारिता यात्रामा हिंडेको देख्दा मनबाटै कृति प्रकाशन गर्न मन लागेको प्रकाशक द्वाले बताए ।

पुस्तक किनेर विमोचन गरेका पत्रकार रामचन्द्र बराल, साहित्यकार एवं प्राध्यापक पिताम्वर नेपाली, छवि सुवेदी 'विजयी', स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोला, स्याङ्जाली पूर्व जिल्ला न्यायाधीश करुणानिधि शर्मा, आदिवासी जनजाति पत्रकार संघका केन्द्रीय उपाध्यक्ष तिलकप्रसाद पुन पुर्जा, डा. झलकबहादुर कार्की, अग्रज पत्रकार नारायण कार्की, भरत कोईराला, मनोज अधिकारी, सुरेन्द्र पौडेललगायतले अथकको पुस्तक लोकार्पण शैली मन परेको प्रतिक्रिया दिए । उनीहरूले स्रष्टाले आफ्नो सिर्जनाको मूल्य लिनका लागि आँफैले पहल गर्नुपर्ने धारणा व्यक्त गर्दै पोखराबाट शुरु भएको सो अभियान देशव्यापी बनाउनु पर्नेमा जोड दिएका थिए ।

# सेवा र पैसा...

जनताका उदार मनले गर्दा देश टिकीरहेको छ' कार्यक्रमका प्रमुख अतिथि के.सी.ले भन्नुभयो, 'नेपालीको उदार मनले गर्दा सहाराले दोविल्लामा सहारा एकेडेमी निर्माण गर्न सफल भएको छ ।' सबै नेपालीले के गर्नुपर्छ भन्ने कुरा सहारा क्लबबाट सिक्नुपर्नेमा निर्देशक के.सी.को जोड थियो ।

कार्यक्रममा सहारा यू.के.का सल्लाहकार तथा एनआरएन यू.के.का प्रतिनिधि रमेश बाँस्तोलाले खेलकुदलाई सम्मान गर्ने सहारा यू.के. तथा एनआरएनको उद्देश्य रहेको बताउँदै सहाराको विकासमा सहारा यू.के.को पनि सदा समर्थन र सहयोग रहने बताउनुभयो । उहाँले नेपालमा १०० मेघावाटको जलविद्युत् निर्माणका लागि १ अर्व रकम एनआरएनले नेपाल भित्र्याई सकेको बताउनुभयो । कार्यक्रममा क्लवका वरिष्ठ उपाध्यक्ष तथा आहा!रारा गोल्डकपका संयोजक वीरभद्र आचार्यले देशको परिस्थिति अनुकुल नहुँदा सहाराले विभिन्न गतिविधिमा सबैक्षेत्रले सहयोग गरेको बताउँदै माघ ९ गतेदेखि संचालन हुने आहारारा गोल्डकप समेत भव्य र सभ्य रुपमा सम्पन्न हुने बताउनुभयो ।

कार्यक्रममा गीति भिडियोका स्रष्टा तथा संचारकर्मी आरजु विष्ट सल्यानीले आहाले जति ख्याति कमाएको छ, त्यति सहारा र आँफूले कमाएको बताउनुभयो । आरजु विष्ट सल्यानीको रचना, विनोद बाँनिया र सजुना थापाको गायनमा तथा सुरज श्रेष्ठको समायोजनमा उक्त भिडियो गीत बनाईएको क्लबले जनाएको छ । यसअघि सल्यानीको रचनामा तथा विनोद बाँनिया लगायतका कलाकारको सहयोगमा आहा! गोल्ड कपको गीत एवम् मोवाईलको रिङटोन समेत निमार्ण भएको थियो । क्लबले आहा! रारा गोल्डकप सम्बन्धी सिआरविटी एवम पिआरविटी सार्वजनिक गरेको छ । नेपाल टेलिकमको मोवाईलमा ०१६००१८५१३ नम्वर तथा एनसेलमा ६०५१९९२८ नम्वर डाउन लोड गरी मोवाईलमा उक्त गीत राख्न सकिने भएको छ ।

त्यस्तै सहारा क्लव पोखरामा सहयोग रकम आउनेक्रम जारी छ । मंगलबारमात्र पोखराका राम ध्वजुले १० हजार एकसय ११, हेटौंडाका सरोज विष्टले १० हजार ५ सय, पूर्व खेलाडी हेमबहादुर गुरुङले १० हजार, सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले १० हजार, आँधीखोला फेन्सी स्टोर्सका सुरेन्द्र श्रेष्ठले २५ हजार र सहारा क्लव पोखराका सचिव मानबहादुर क्षेत्रीले १ लाख ५१ हजार ११ रुपैयाँ सहयोग गर्नुभएको छ । यसैबीच सहारा क्लव पोखराद्वारा आगामी माघ ९ गतेदेखि संचालन हुने आहा!रारा गोल्डकपको पुरस्कार राशिमा समेत व्यापक वृद्धि गरिएको छ । यसअघिका पछिल्ला संस्करणमा २ लाख रहेको प्रथम पुरस्कारलाई ११औं संस्करणमा ३ लाख ५१ हजार पुऱ्याइएको छ भने द्वितीय हुनेले २ लाख १ हजार पाउने भएका छन् । यसअघिका संस्करणमा द्वितीय हुनेले १ लाख प्राप्त गर्दै आएका थिए । त्यस्तै उत्कृष्ट खेलाडीले टिभीएस मोटरसाइकल पुरस्कार प्राप्त गर्ने भएका छन् भने सर्वाधिक गोलकर्ता, उत्कृष्ट टिमकोच, स्ट्राइकर, मिडफिल्ड, डिफेन्डर र गोलकिपरले पाउने पुरस्कार रकममा समेत वृद्धि गरिने सहारा क्लव पोखराका अध्यक्ष विक्रम थकालीले जानकारी दिनुभयो । समय परिस्थितिका साथमा मुख्य प्रायोजक तथा अन्य प्रायोजकहरूले गर्ने सहयोग दोब्बर वृद्धि भएकाले पुरस्कार रकम समेत वृद्धि गरिएको अध्यक्ष थकालीको भनाइ छ ।

यसैबीच आहा!रारा गोल्डकपलाई सफलता पूर्वक सम्पन्न गर्न सबैले आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सहारा क्लवले हार्दिक अनुरोध गरेको छ । सहारा क्लव पोखराका महासचिव केशवबहादुर थापाले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै प्रतियोगिता अवधिभर बन्द हड्ताल नगरी पूर्ण समर्थन र सहयोग गर्न आग्रह गर्नुभएको छ । प्रतियोगिताले सिङ्गै पश्चिमाञ्चलको ईज्जत र प्रतिष्ठा बोकेकोले प्रतियोगिता सफल बनाउन सबैको सहयोग प्राप्त हुने विश्वास लिइएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विज्ञप्तिमा उल्लेख भएअनुसार प्रतियोगिता सम्पन्न गर्न करिब ६३ लाख खर्च लाग्ने र ७२ लाख आम्दानी गर्ने लक्ष्य लिइएको छ । प्रतियोगितामा नेपालका 'ए' डिभिजनका क्लवहरू, विदेशका ३ टिम, पूर्वाञ्चल र आयोजक गरि कूल १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।


## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

### ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की (बाग्लुङ नयाँ बसपार्कदेखि दोस्रोचोक)

फोन सम्पर्क : ९८४६२१८८१५, ९८४६४६५५०९

### हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने ।

अनुभवः– (१) विगत १४ वर्षदेखि ज्योतिष शिक्षाको माध्यमबाट सशक्त सामाजिक सेवा गर्दै आएको (२) वि.सं. २०५५ पौष १४ गतेदेखि ज्योतिष भविष्यवाणी (साप्ताहिक) मोरङ (हाल कास्की स्थित कार्यालयको) पर्वत जिल्ला संवाददाता (३) आजीवन सदस्य–अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, पर्वत, धौलागिरि, नेपाल (४) सचिव–नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति (५) आजीवन सदस्य–कर्णधार (मासिक) पोखरा, प्रधान सम्पादक–डा.भूपति ढकाल 'कमल' (६) आजीवन सदस्य–पोखरा ज्योतिष महाविद्यालय, पोखरा, नेपाल शैक्षिक योग्यता–ज्योतिष डिप्लोमा (७) दक्षिण एशियाली ज्योतिष महासंघको आजीवन सदस्य, एशियाली ज्योतिष महासम्मेलन गौहाटी, काठमाडौंबाट स्वर्णपदक प्राप्त (८) अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलन भारत राजस्थान अजमेरबाट स्वर्णपदक तथा मध्यप्रदेश इन्दौरबाट ज्योतिष चन्द्रिका उपाधि प्राप्त (९) सदस्य–नेपाल पत्रकार महासंघ कास्की शाखा, नेपाल, (१०)सदस्य–नेपाल प्रेस युनियन, कास्की शाखा । (११) वेदाङ्ग ज्योति (मासिक) राजस्थान आयोजक–अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलनबाट ज्योतिष मार्तण्ड मानद उपाधि प्राप्त ।

# त्रिवेणी एकेडेमीमा ज्योतिष प्रशिक्षण

**ज्योतिष भविष्यवाणी**

**लेखनाथ** : लेखनाथको अर्घौंचोक स्थित त्रिवेणी एकेडेमीमा ज्योतिष प्रशिक्षण कार्यक्रम गत सोमबार सम्पन्न भएको छ ।

विद्यार्थीका कुन ग्रहका कारणले पढाईमा कस्तो प्रभाव पार्दछ, जसको ज्योतिष वैज्ञानिक उपचार कसरी गर्ने र एस.एल.सी.पश्चात् कुन विषय लिएर पढेमा उच्च सफलता मिल्छ भन्ने ज्योतिषीय धारणा विद्यार्थीहरूमा जगाउनका लागि सो तालिम दिइएको ज्योतिष प्रशिक्षक एवम् वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मीले जानकारी दिनुभयो । नेपाल ज्योतिष पत्रकार संघ कास्कीका अध्यक्ष गोविन्द भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा त्रिवेणी ऐकेडेमीमा अध्ययनरत ८, ९ र १० कक्षाका ५५ जना विद्यार्थीहरूलाई ज्योतिषका आधारभूत ज्ञान, ज्योतिष वैज्ञानिक उपचार पद्धतिका बारेमा प्रशिक्षण दिइएको थियो । प्रशिक्षण कार्यक्रम पश्चात् विद्यालयका प्रिन्सिपल राजेन्द्रमणि पौडेलले विद्यार्थीका लागि ज्योतिष प्रशिक्षण उपयोगी हुने बताउनुभयो । कार्यक्रममा नेपाल ज्योतिष पत्रकार संघ कास्कीका अध्यक्ष तथा कार्यक्रमका सभापति गोविन्द भण्डारीले ज्योतिष शिक्षा बिनाको संसार अन्धकार हुने बताउँदै विद्यार्थीलाई ज्योतिषका आधारभूत ज्ञानले आगामी दिनको बाटो सहज बनाउने धारणा व्यक्त गर्नुभयो । ज्योतिष भविष्यवाणी (साप्ताहिक) को आयोजनामा संचालन हुने ज्योतिष प्रशिक्षण कार्यक्रम प्रत्येक हप्ता एक–एक विद्यालयमा दिइने प्रशिक्षक डा.रेग्मीले बताउनुभयो ।

# पोखरामा कवि भूपि शेरचनको सम्झना

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाली कविताका उल्लेखनीय प्रतिभा भूपि शेरचनको ७७औं जन्मजयन्ती मङ्गलबार पोखरामा विभिन्न कार्यक्रमसहित मनाइएको छ । थकाली सेवा समिति पोखराले आयोजना गरेको भूपि स्मृति पुरस्कार समर्पण तथा विशेष कवि गोष्ठीका अवसरमा स्रष्टाहरूले भूपि जयन्तीलाई राष्ट्रिय क्यालेण्डरमा समेट्नुपर्नेमा जोड दिएका छन् ।

*भूपि दाइ, यी भोकमा डुबेका चोकहरू उस्तै छन्*
*रातभरि उपियाँले टोक्नु पनि उस्तै छ*
*दिन दिनभरि रुपियाँले टोक्नु पनि उस्तै छ ।*

कार्यक्रममा कवि उषा शेरचनले 'सम्झनाको फूलबारीमा भूपि शेरचन' शीर्षकको कवितामार्फत् भूपि शेरचनलाई सम्झिइरहँदा भूपि शेरचनकी जेठी श्रीमती ओमकुमारी शेरचन निकै भावुक हुनुभयो साथमा छोरा समीर शेरचन पनि सम्झँदै हुनुहुन्थ्यो सायद आफ्ना कवि पिता भूपिलाई ।

वि.सं.१९९२ साल पुस १० गते मुस्ताङको थाक टुकुचेमा जन्मिनुभएका कवि भूपि शेरचनले नेपाली गद्य कवितामा पुऱ्याउनुभएको योगदानलाई सायदै कसैले बिर्सन सक्दैन । शेरचनका घुम्ने मेचमाथि अन्धो मान्छेसहित नयाँ झ्याउरे र निर्झर कवितासङ्ग्रह तथा परिवर्तन नाटक प्रकाशित छन् । शेरचनले नै पहिल्याउनुभएको बाटो पछ्याउने थुप्रै स्थापित प्रतिभाहरू छन् पोखरा र पोखराबाहिर र ती प्रतिभाहरूकै सक्रियतामा खुलेका साहित्यिक संस्था पनि थुप्रै छन् तर पोखरामा भने कुनै पनि साहित्यिक संस्थाले भूपिलाई सम्झने गरेका छैनन् । थकाली सेवा समिति, पोखराले हरेक वर्षझै यसपटक पनि समितिले भूपिलाई सम्झ्यो भूपि स्मृति पुरस्कार समर्पण तथा विशेष कवि गोष्ठी गरेर । शेरचनको कविताका अलावा अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा, यो नेपाली शिर उचाली जस्ता गीत पनि चर्चित छन् ।

कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ उषा शेरचनले कवि भूपि शेरचन राष्ट्रको प्रतिभा भएर पनि उचित सम्मान प्राप्त गर्न नसकेको बताउनुभयो । उहाँले सरकारले कुनै पनि प्रतिभालाई उचित कदर गर्न नसकेकोप्रति गुनासो समेत गर्दै सबैभन्दा ठूलो कुरा मानिसको मनमा बस्नु नै भएको र त्यो कुरा भूपिले पाउनुभएको बताउनुभयो । भूपिसँग साहित्यिक संगत गरेको बताउँदै वरिष्ठ साहित्यकार सरुभक्तले भूपि शेरचनको स्मृतिमा पोखराकामात्र नभै देशभरीकै साहित्यिक संस्थाहरूले कार्यक्रम गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्कृतिकर्मी एवं कवि तीर्थ श्रेष्ठले थकालीसेवा समिति गैर साहित्यिक संस्था भएर पनि भूपिको स्मृतिमा कार्यक्रम गर्नु प्रशंसनीय भएको र शेरचन बहुआयामिक व्यक्तित्व भएको बताउनुभयो । सो अवसरमा भूपि शेरचनकी जेठी श्रीमती ओमकुमारी शेरचनद्वारा स्थापित भूपि स्मृति पुरस्कार–२०६९ बाट पहिलोपटक कवि सरस्वती प्रतिक्षा सम्मानित हुनुभयो ।

कवि प्रतिक्षाले भूपि शेरचनजस्ता सम्मानित प्रतिभाको नाममा स्थापित पुरस्कार प्राप्त भएकोमा गौरवको महसूस भएको भन्दै आँफूमा थप जिम्मेवारीबोध भएको बताउनुभयो । पुरस्कारको राशि नगद १० हजारसहित ताम्रपत्र र दोसल्ला छ । पुरस्कृत प्रतिभा प्रतिक्षाको परिचय साहित्यकार कृष्ण उदासीले दिनुभएको थियो ।

कार्यक्रममा कवि विनोद गौचन, प्राज्ञ हरिदेवी कोइराला, नरेन्द्रमान शेरचनलगायतले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । साहित्यकार रुपिन्द्र प्रभावी कटुले संचालन, संयोजक मिलन शेरचनले स्वागत र अध्यक्षता थकाली सेवा समितिका अध्यक्ष अम्बर तुलाचनले गर्नुभएको थियो भने सो अवसरमा करिब २ दर्जन पोखरेली साहित्यकारहरूले रचना वाचन गरेका थिए ।

## विमानस्थल...

सोमबार पोखरामा आयोजना गरेको लोकतन्त्र र प्रेसको अन्तर्सम्बन्ध एवम् पोखरामा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल आवश्यकता र चुनौति विषयक बहस कार्यक्रममा बोल्दै विमानस्थल सरोकार समितिका संयोजक कृष्णामोहन श्रेष्ठले विमानस्थाल नबन्नुको मुख्यकारण राजनीति भएको बताउनुभयो । 'सरकारले आश्वासनमात्र बाँडेको र प्रतिपक्ष दलहरूले सक्रियता नदेखाएकाले विमानस्थल निर्माणकार्य शुरु हुन सकेन' संयोजक श्रेष्ठले भन्नुभयो, 'विमानस्थल निर्माणमा ठूलो चलखेल भएको छ भन्छन् तर कसले, र कहाँ, कति चलखेल गऱ्यो कसैले भन्न सकेनन् ।'

चलखेल भएको भनेर हल्ला चल्दा समेत सम्बन्धित निकाय अत्तो थापेर बसेको बताउँदै पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णामोहन श्रेष्ठले कर्मचारीले सरकार घुमाइरहेकाले विमानस्थल निर्माण कार्य शुरु हुन नसकेको धारणा व्यक्त गर्नुभयो ।

विमानस्थलको आवश्यकता पहिले नै भएको बताउँदै श्रेष्ठले आवश्यकता भन्दा नबन्नुको समस्या के हो त्यसको बारेमा छलफल हुनुपर्नेमा जोड दिनुभयो । राजनीतिक दवावमा आन्दोलन स्थगित भईरहेको विभिन्न क्षेत्रले बताइरहेका बेला संयोजक श्रेष्ठले आन्दोलन स्थगित भएको भनेर नबुझ्न आग्रह गर्नुभएको छ । 'आन्दोलन स्थगित भएको छैन, जिल्ला–जिल्लामा अन्तर्क्रिया तथा छलफल चलिरहेको छ' उहाँले भन्नुभयो, 'आन्दोलनको खाका तैयार भईसकेको छ, छिट्टै सार्वजनिक हुन्छ ।' 'लगानी वर्ष घोषणा गर्ने सरकारले चीनले दिएको सहयोग अस्वीकार गर्नु विडम्बना हो' श्रेष्ठले भन्नुभयो, 'विमानस्थल निर्माणमा ढिलासुस्ती पर्यटन मन्त्रालयबाट भएको हो ।' आन्दोलनलाई कमजोरी ठानिए दुर्भाग्य हुने संयोजक कृष्णामोहन श्रेष्ठले चेतावनी दिनुभयो ।

कार्यक्रममा बोल्दै सरोकार समितिका सदस्य तथा पर्यटन व्यवसायी बासु त्रिपाठीले सत्तामा को छ भन्नुभन्दा राष्ट्रिय महत्व के हो भनेर बुझ्नुपर्नेमा जोड दिनुभयो । सरोकार समितिले सत्ता ढाल्नका लागि आन्दोलन गरेको आरोप लागिरहँदा सदस्य त्रिपाठीले पवित्र विमानस्थल निर्माण बाहेक अन्य केही उद्देश्य नभएको स्पष्ट पार्नुभयो । सत्ता पक्षले सरकार ढाल्ने र प्रतिपक्षहरूले आर्थिक घोटलाको आरोप लगाएकोले समिति चेपुवामा परेको गुनासो उहाँको थियो ।

त्यस्तै पश्चिमाञ्चल होटल संघका अध्यक्ष हरि शर्मा गैह्रेले दाताले दिएको सहयोग सरकारले अस्वीकार गरी विमानस्थल निर्माणमा आलटाल गर्नु विडम्वना भएको बताउनुभयो । कार्यक्रममा पर्यटन परिषद्का अध्यक्ष सूर्यबहादुर भुजेलले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सबैको आवश्यकता र प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो । त्यस्तै नेपाल पर्यटन बोर्डका सदस्य टिकाराम सापकोटाले विमानस्थलको आवश्यकता पहिले नै भएकाले निर्माणमा ढिलाई हुनुको कारण खोजी गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कास्कीका स्थानीय विकास अधिकारी ईश्वरराज पौडेल, ने.क.पा. माओवादी कास्की प्रतिनिधि पूर्णजित पुन, ने.क.पा. एमाले कास्की अध्यक्ष मानबहादुर जि.सी., नेपाली कांग्रेस कास्की सभापति यज्ञबहादुर थापा, पूर्व सभासद् रविन्द्र अधिकारी, नेपाल प्रेस युनियनका केन्द्रीय सभापति किरण पोखरेल, उपाध्यक्ष गंगाधर पराजुली, सल्लाहकार कविर राणा, पश्चिमाञ्चल संयोजक रमेश पौडेल लगायतले नीति निर्माण तह, पारदर्शिता र राजनीतिक पार्टीको उदासिनताको कारण विमानस्थल निर्माण हुन नसकेको बताउनुभएको थियो । कार्यक्रम प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालको सभापतित्वमा सम्पन्न भएको थियो । त्यसअघि नेपाल प्रेस युनियनको केन्द्रीय कमिटीको बैठक फेवातालमा बसेको थियो । बैठकले पत्रकारिताको व्यवसायिक सुनिश्चितता, श्रमजीवि पत्रकारको पेशागत संरक्षण र सम्वर्द्धनका लागि वृहत ट्रेड युनियन गठन गर्न समकक्षी अन्य संगठनसंग सहकार्य गरी अघि बढ्ने, पोखराको पर्यापर्यटन र फेवातालको संरक्षणमा विशेष महत्व दिने लगायत निर्णय गरेको थियो । बैठक प्रेस युनियन केन्द्रीय सभापति किरण पोखरेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।


वरिष्ठ ज्योतिष भविष्यवक्ता / अधिवक्ता

प्रा.डा.बलराम उपाध्याय रेग्मी

एम.ए.(अंग्रेजी),जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष महामहोपाध्याय(डी.लिट्) मानार्थ

कार्यालय : ज्योतिष भविष्यवाणी, पोखरा–२, अर्चलबोटचोक, कास्की, नेपाल

भेट्ने समय : बिहान १० बजेदेखि १२ बजेसम्म / दिनमा १ देखि बेलुकी ५ बजेसम्म /

नोट : प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय पूर्णरुपमा बन्द रहनेछ ।

ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि सम्पर्क फोन नं.
९८५६०२०९१४, ९८५६०३०९१४
९७२६१५३६८४, ०६१–५४०३४७



विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, दिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१–५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१–५२४८८१
E-mail : fprince_pkr@wlink .com



तस्वीर सौजन्य : गोल्डेन न्यूज दैनिक

**नौलो काम** : फेवातालको डुङ्गामाथि बैठक बस्दै प्रेस युनियनका केन्द्रीय पदाधिकारीहरू । फेवातालको डुङ्गमाथि बसेर पत्रकारिता र देशको समसामयिक परिस्थितिमाथि छलफल गर्दै उत्पन्न परिस्थितिलाई डटेर सामना गर्ने निर्णय प्रेस युनियनले गरेको छ । प्रेस युनियन कास्की शाखाले पत्रकारको हकहितका लागि १० लाखको अक्षयकोष स्थापनाका लागि रकम सङ्कलन कार्यलाई समेत तिव्रता दिएको छ ।

# मदनमणि दीक्षितलाई लेखनाथ साहित्य पुरस्कार

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : यसवर्षको लेखनाथ साहित्य पुरस्कारबाट वरिष्ठ साहित्यकार मदनमणि दीक्षित सम्मानित हुनुहुने भएको छ । प्रा.डा. रविलाल अधिकारीको संयोजकत्वमा शुक्रराज अधिकारी, डा.प्रतिभा पाण्डे, कृष्णप्रसाद बाँस्तोला र रमा शर्मा रहेको लेखनाथ साहित्य पुरस्कार प्रतिभा सिफारिस समितिले सिफारिस गरे बमोजिम लेखनाथ साहित्य पुरस्कार तथा कुन्तीदेवी शिक्षा पुरस्कार अक्षयकोष संचालक समिति र लेखनाथ साहित्य प्रतिष्ठानको संयुक्त निर्णयबाट उक्त प्रतिभाको चयन गरिएको हो । लेखनाथ साहित्य पुरस्कार ग्रहण गर्न स्वास्थ्यको कारणले मदनमणि दीक्षित आउन नसक्ने भएपछि लेखनाथ जयन्तीका अवसरमा नेपाली शिक्षा परिषद् काठमाडौंसंग मिलेर लेखनाथ साहित्य सदनमा यही पौष १५ गते काठमाडौंमा प्रदान गरिने भएको छ । कुन्तीदेवी शिक्षा पुरस्कार अर्चलेमा आयोजना हुने लेखनाथ जयन्तीको कार्यक्रममा प्रदान गरिने प्रष्तिठानका अध्यक्ष पदमराज ढकालले जानकारी दिनुभयो ।

त्यसैबीचमा कविशिरोमणि लेखनाथ प्रा.वि. का छात्र–छात्राहरूलाई पनि १० हजार बराबरको छात्रवृत्ति प्रदान गरिने बताइएको छ । लेखनाथ साहित्य पुरस्कार प्रदान गर्न अक्षयकोषका अध्यक्ष शुक्रराज अधिकारी, सदस्य प्रा.डा.रविलाल अधिकारी, सदस्य कृष्णप्रसाद बाँस्तोला काठमाडौंतर्फ जाने प्रतिष्ठानका अध्यक्ष ढकालले बताउनुभएको छ ।

# बुद्धि भए प्रदेशिनु पर्दैन

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : दुग्ध उत्पादन क्षेत्रमा लामो समयदेखि सक्रिय पोखराको पन्थी डेरीले आफ्नो उद्योगमा ४० लाखको लगानी थप्ने भएको छ । नेपाल सरकार, कृषि विकास मन्त्रालय, व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) ले विश्व बैंकको सहयोगमा सो ४० लाख लगानी अनुदान स्वरुप सहयोग गरिदिएपछि सो लगानी थपिन लागेको हो । डेरीको भौतिक पूर्वाधार, क्षमता विकास, व्यवस्थापन एवं संचालनमा सो लगानी बढाइने डेरीका व्यवस्थापक धर्मराज पन्थीले सार्वजनिक सुनुवाई कार्यक्रममा बताउनुभयो । पन्थी डेरीको उत्पादनलाई नेपाल अधिराज्यभर पुऱ्याउने उद्देश्य अनुरुप प्याक्टले अनुदान स्वरुप सो लगानी थप्न लागेको हो । डेरीमा ४० लाख लगानी थपिएपछि दुग्ध उत्पादक कृषकहरूलाई ठूलो राहत मिल्ने विश्वास लिइएको छ ।




सार्वजनिक सुनुवाई कार्यक्रममा क्षेत्रीय पशुसेवा निर्देशनालयका निर्देशक डा. वंशी शर्माले राज्यको अर्थतन्त्रमा डेरीको पनि ठूलो हिस्सा रहेकोले सुशासनको ४ खम्वामध्ये कृषक तथा डेरी एक भएको बताउनुभयो । 'दुग्धजन्य पदार्थ मानिसको स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने भएकाले कृषकले सरसफाइमा विशेष ध्यान पुऱ्याउनुपर्छ' निर्देशक शर्माले भन्नुभयो,'सफाइमा जति ध्यान दिइन्छ उतिनै त्यसबाट उत्पन्न हुने रोग नियन्त्रणमा सहयोग पुग्दछ ।' दुग्धजन्य पदार्थको उत्पादन संगै गुणस्तरमा विशेष ध्यान दिनुपर्ने निर्देशक डा. शर्माको भनाइ थियो ।

कार्यक्रममा व्यवसायिक कृषि योजना (प्याक्ट)का निर्देशक महेन्द्रबहादुर थापाले उत्पादकदेखि उपभोक्तासम्म कस्तो सम्वन्ध रहन्छ भन्ने कुरामा डेरीले विशेष ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । कृषकलाई प्रोत्साहन गरी पन्थी डेरीको उत्पादनलाई अधिराज्यभर पुऱ्याउने उद्देश्य अनुरुप ४० लाख अनुदान स्वरुप सहयोग गर्न लागिएको थापाले जानकारी दिनुभयो ।

त्यस्तै प्याक्टका अनुसन्धान विशेषज्ञ अशोक पौडेलले कृषक र उद्योगीबीचको दूरीलाई कम गराउन विश्व बैंकको सहयोगमा सो अनुदान रकम दिन लागिएको जानकारी दिनुभयो । कार्यक्रमका अध्यक्ष तथा पन्थी डेरीका संचालक रेशमराज पन्थीले डेरीको गुणस्तर वृद्धि गरी उत्पादनलाई अधिरज्यव्यापी बनाउने बताउँदै कृषकहरू व्यवसायिक भएमा उनीहरूका जस्तोसुकै माग सम्वोधन गर्न डेरी तयार रहेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा जिल्ला खाद्य निरीक्षक शिवजी बराल, रिभान दुग्ध उत्पादक सहकारीका प्रतिनिधि भरतराज दवाडी, उपभोक्ता मञ्चका प्रतिनिधि ठाकुरप्रसाद पन्त लगायतले मानिसको स्वास्थ्यसंग सरोकार राख्ने दुग्धजन्य पदार्थको सफाइको साथमा गुणस्तर वृद्धिमा ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभएको थियो ।

## ज्योतिष...

श्रीमान्कै भविष्यवाणी गरेर ठ्याक्कै पुऱ्याई दिएपछि श्रीमान् पितमबहादुर गुरुङ त मस्त छन् नै सौतेनी दिदी अनुराधा गुरुङ पनि फुरुङ्ग छिन् । आफ्नै सौताले गरेको भविष्यवाणी ठ्याक्कै पुगेर अनुराधाको जेठो छोरा साइमन जापान पुगि टन्न पैसा कमाइ गरी पठाउन लागेपछि कोपिलाको माइती शिवनगर–५, चितवनमा नाता गोता होइन समग्र चितवनवासी प्रशन्न छन् भने पोखरा–१६ स्थित आफ्नै घरमा रहेर पनि ज्योतिष परामर्श दिन थालेपछि पोखरेलीको मन पनि कोपिलाले जितिसकेकी छिन् । पहिला मांशाहारी कोपिला ज्योतिष सिकेर ज्योतिष परामर्श दिन थालेपछि पूर्ण शाकाहारी बनेकी छिन् । मेरो श्रीमान्संग जीवन सफल होलाकि नहोला ? भनेर गम्भीरतापूर्वक डा.बलराम उपाध्याय रेग्मीसंग हेराउन आएकी कोपिलालाई डा. रेग्मीले भन्नुभएको थियो, 'कोपिलाजी तपाई आफै ज्योतिष सिक्नु हुनेछ । अहिले पटक–पटक रिसाउने श्रीमान् सही बाटोमा आउनेछन् । पोखरामा नै तपाईंको घर बन्नेछ, पछि स–परिवार यू.के. जान पाउनु हुनेछ केही वर्ष नआत्तिनु होस् ।' भनि गरेका भविष्यवाणी सबै पुगेपछि कोपिलालाई स्वप्न हो कि विपना हो जस्तो लागेको छ । उनी भन्छिन्,'अब म कसैसंग डर्दिन । आफ्नो परिवार ज्योतिष परामर्शबाट नै पाल्न सक्छु । आफ्ना ज्योतिष शिक्षाका प्रथम गुरु डा. बलराम उपाध्याय रेग्मीको अलावा ज्योतिषी हीरा विश्वकर्मा 'कश्यप'संग समेत अध्ययन गरेकी कोपिलाका उज्याला दिन शुरु भएको उनी बताउँछिन् ।

## सुरक्षा...

चुनौति र नीति निर्माणमा सहयोग पुग्ने बताउनुभयो । बैठकमा गृह सचिव नविन कुमार घिमिरे, सह–सचिव शंकर कोइराला, प्रहरी महानिरीक्षक कुवेरसिहं राना, पश्चिमाञ्चल क्षेत्रीय प्रशासक सुमनप्रसाद शर्मा लगायत कास्कीका प्रमुख जिल्ला अधिकारी यादवप्रसाद कोइराला, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख शैलेश थापा, सशस्त्र प्रहरी महानिरीक्षक पोषराज वन्त लगायतको सहभागिता रहेको छ । बैठक आज बिहीबार सकिंदैछ ।

## नेपाल...

भन्नुभयो,'तथाकथित धर्म निरपेक्षताको निर्णय कुनैपनि जनतालाई स्वीकार्य छैन ।' अध्यक्ष थापाले धर्मनिरपेक्षताले नेपालको अस्तित्व मेटिन लागेकाले यसलाई रोक्न उच्चस्तरीय छानविन आयोग गठन गरी सत्यतथ्य प्रतिवेदन तयार गरी सार्वजानिक गर्न सरकारसंग माग गर्नुभयो । नयाँ नेपाल बनाउनुपर्छ भन्ने मान्यता राप्रपा नेपालको पनि भएको बताउँदै थापाले भन्नुभयो,'पहिचान मासेर बनाउन लागिएको नयाँ नेपाल नेपालीका लागि स्वीकार्य छैन ।' हिन्दूराष्ट्र पुनर्वहालीका लागि युवा पिढी सबैभन्दा बढी सडकमा उत्रेको अध्यक्ष थापाको दावी थियो ।

कार्यक्रममा सन्तशिरोमणि आचार्य खेमराज केशवशरणले जातजाति, भाषाभाषी लगायत अन्य कुनैपनि तवरले राष्ट्र खण्डित भएको हेर्ने चाहना नेपालीको नभएको बताउनुभयो । 'ओमकारले हामी सबैलाई एकैठाउँमा बाधेको छ' उहाँले भन्नुभयो,'विशाल विश्वभित्र एकमात्र हिन्दूराष्ट्र नेपाल हो, त्यसैले हिन्दूराष्ट्रलाई फाल्न हुँदैन ।' २०६८ को जनगणनाले ८१ प्रतिशत हिन्दूधर्मावलम्वी देखाउनु नेपाल आमाको वरदान भएको आचार्य खेमराज केशवशरणको भनाइ थियो ।

त्यस्तै राप्रपा नेपालका केन्द्रीय उपाध्यक्ष राजीव पराजुलीले सबै जनताको चाहना हिन्दूराष्ट्र पुनर्वहाली भएको बताउँदै भन्नुभयो,'हिन्दूराष्ट्र हिजो पनि थियो, आज पनि छ र भोलिपनि रहिरहने छ ।' ४/५ जनाको चाहनाले हिन्दूराष्ट्र नफालिने पूर्वमन्त्री समेत रहनुभएका पराजुलीको भनाइ थियो । राप्रपा नेपालकी केन्द्रीय सदस्य विष्णुदेवी गुरुङले विश्व आराध्य देव पशुपतिनाथ र विश्वशान्तिका प्रतिक गौतमबुद्ध जन्मेको देशलाई निरपेक्षता बनाउनु विडम्वना भएको बताउनुभयो ।

कार्यक्रममा बोल्दै राप्रपा नेपाल कास्कीका अध्यक्ष जयलाल पुनले नयाँ नेपालको तथाकथित नाउँमा राष्ट्रको पहिचान हिन्दूराष्ट्र फाल्न नहुनेमा जोड दिनुभयो । नेपालको प्राण हिन्दूराष्ट्र जसरीपनि पुनर्वहाली हुनुपर्ने पोखरा उप–महानगरपालिकाका पूर्व उप–मेयर समेत रहनुभएका पुनको भनाइ थियो । यहि पौष २ गते जनकपुरबाट शुरु भएको रथयात्रा ११ गते बुधबारका दिन काठमाडौंको पशुपतिनाथ मन्दिरमा पुगेर समापन भएको राप्रपा नेपालले जनाएको छ । नेपाललाई सनातन धर्म सापेक्ष हिन्दूराष्ट्र बनाउने लगायतका विभिन्न ११ वटा संकल्प प्रस्ताव जनताबाट पारित गर्दै अघि बढिरहेको राप्रपा नेपालले बताएको छ ।


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी–खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**
(राष्ट्रिय साप्ताहिक)
केन्द्रीय स्थायी कार्यालय : खुर्कोट–४, पाङ, पर्वत, धौलागिरि, नेपाल
पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :
पोखरा–२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।
Phone/Fax : +977-61-540347
Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)
E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com
Website: www .jbweekly .com, www .Facebook .com/jbweekly

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/९/१२<br>Dec .27, 2012 | बिहान ६:५५ बजेदेखि ८:२५ बजेसम्म शुभ/बिहान ८:२५ बजेदेखि ९:५५ बजेसम्म रोग/बिहान ९:५५ बजेदेखि ११:२५ बजेसम्म उद्वेग/बिहान ११:२५ देखि १२:५५ बजेसम्म चर/दिनमा १२:५५ देखि २:२५ बजेसम्म लाभ/दिनमा २:२५ बजेदेखि ३:५५ बजेसम्म अमृत/दिनमा ३:५५ देखि ५:२५ बजेसम्म काल/बेलुकी ५:२५ देखि ६:५५ बजेसम्म शुभ। |
| शुक्रबार<br>२०६९/९/१३<br>Dec .28, 2012 | बिहान ६:५५ बजेदेखि ८:२५ बजेसम्म चर/बिहान ८:२५ बजेदेखि ९:५५ बजेसम्म लाभ/बिहान ९:५५ बजेदेखि ११:२५ बजेसम्म अमृत/बिहान ११:२५ देखि १२:५५ बजेसम्म काल/दिनमा १२:५५ देखि २:२५ बजेसम्म शुभ/दिनमा २:२५ बजेदेखि ३:५५ बजेसम्म रोग/दिनमा ३:५५ देखि ५:२५ बजेसम्म उद्वेग/बेलुकी ५:२५ देखि ६:५५ बजेसम्म चर। |
| शनिबार<br>२०६९/९/१४<br>Dec .29, 2012 | बिहान ६:५५ बजेदेखि ८:२५ बजेसम्म काल/बिहान ८:२५ बजेदेखि ९:५५ बजेसम्म शुभ/बिहान ९:५५ बजेदेखि ११:२५ बजेसम्म रोग/बिहान ११:२५ देखि १२:५५ बजेसम्म उद्वेग/दिनमा १२:५५ देखि २:२५ बजेसम्म चर/दिनमा २:२५ बजेदेखि ३:५५ बजेसम्म लाभ/दिनमा ३:५५ देखि ५:२५ बजेसम्म अमृत/बेलुकी ५:२५ देखि ६:५५ बजेसम्म काल। |
| आइतबार<br>२०६९/९/१५<br>Dec .30, 2012 | बिहान ६:५६ बजेदेखि ८:२६ बजेसम्म **उद्वेग**/बिहान ८:२६ बजेदेखि ९:५६ बजेसम्म **चर**/बिहान ९:५६ बजेदेखि ११:२६ बजेसम्म **लाभ**/बिहान ११:२६ देखि १२:५६ बजेसम्म **अमृत**/दिनमा १२:५६ देखि २:२६ बजेसम्म **काल**/दिनमा २:२६ बजेदेखि ३:५६ बजेसम्म **शुभ**/दिनमा ३:५६ देखि ५:२६ बजेसम्म **रोग**/बेलुकी ५:२६ देखि ६:५६ बजेसम्म **उद्वेग**। |
| सोमबार<br>२०६९/९/१६<br>Dec .31, 2012 | बिहान ६:५६ बजेदेखि ८:२६ बजेसम्म **अमृत**/बिहान ८:२६ बजेदेखि ९:५६ बजेसम्म **काल**/बिहान ९:५६ बजेदेखि ११:२६ बजेसम्म **शुभ**/बिहान ११:२६ देखि १२:५६ बजेसम्म **रोग**/दिनमा १२:५६ देखि दिनमा २:२६ बजेसम्म **उद्वेग**/दिनमा २:२६ बजेदेखि ३:५६ बजेसम्म **चर**/दिनमा ३:५६ देखि ५:२६ बजेसम्म **लाभ**/बेलुकी ५:२६ देखि ६:५६ बजेसम्म **अमृत**। |
| मंगलबार<br>२०६९/९/१७<br>Jan .1, 2013 | बिहान ६:५६ बजेदेखि ८:२६ बजेसम्म **रोग**/बिहान ८:२६ बजेदेखि ९:५६ बजेसम्म **उद्वेग**/बिहान ९:५६ बजेदेखि ११:२६ बजेसम्म **चर**/बिहान ११:२६ देखि १२:५६ बजेसम्म **लाभ**/दिनमा १२:५६ देखि २:२६ बजेसम्म **अमृत**/दिनमा २:२६ बजेदेखि ३:५६ बजेसम्म **काल**/दिनमा ३:५६ देखि ५:२६ बजेसम्म **शुभ**/बेलुकी ५:२६ देखि ६:५६ बजेसम्म **रोग**। |
| बुधबार<br>२०६९/९/१८<br>Jan .2, 2013 | बिहान ६:५७ बजेदेखि ८:२७ बजेसम्म **लाभ**/बिहान ८:२७ बजेदेखि ९:५७ बजेसम्म **अमृत**/बिहान ९:५७ बजेदेखि ११:२७ बजेसम्म **काल**/बिहान ११:२७ देखि १२:५७ बजेसम्म **शुभ**/दिनमा १२:५७ देखि २:२७ बजेसम्म **रोग**/दिनमा २:२७ बजेदेखि ३:५७ बजेसम्म **उद्वेग**/दिनमा ३:५७ देखि ५:२७ बजेसम्म **चर**/बेलुकी ५:२७ देखि ६:५७ बजेसम्म **लाभ**। |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/९/१२<br>Dec .27, 2012 | बेलुकी ६:५५ बजेदेखि ८:२५ बजेसम्म **अमृत**/साँझ ८:२५ बजेदेखि ९:५५ बजेसम्म **चर**/राति ९:५५ बजेदेखि ११:२५ बजेसम्म **रोग**/राति ११:२५ देखि १२:५५ बजेसम्म **काल**/राति १२:५५ देखि २:२५ बजेसम्म **लाभ**/राति २:२५ बजेदेखि ३:५५ बजेसम्म **उद्वेग**/राति ३:५५ देखि ५:२५ बजेसम्म **शुभ**/बिहानमा ५:२५ देखि ६:५५ बजेसम्म **अमृत**। |
| शुक्रबार<br>२०६९/९/१३<br>Dec .28, 2012 | बेलुकी ६:५५ बजेदेखि ८:२५ बजेसम्म **रोग**/साँझ ८:२५ बजेदेखि ९:५५ बजेसम्म **काल**/राति ९:५५ बजेदेखि ११:२५ बजेसम्म **लाभ**/राति ११:२५ देखि १२:५५ बजेसम्म **उद्वेग**/राति १२:५५ देखि २:२५ बजेसम्म **शुभ**/राति २:२५ बजेदेखि ३:५५ बजेसम्म **अमृत**/राति ३:५५ देखि ५:२५ बजेसम्म **चर**/बिहानमा ५:२५ देखि ६:५५ बजेसम्म **रोग**। |
| शनिबार<br>२०६९/९/१४<br>Dec .29, 2012 | बेलुकी ६:५५ बजेदेखि ८:२५ बजेसम्म **लाभ**/साँझ ८:२५ बजेदेखि ९:५५ बजेसम्म **उद्वेग**/राति ९:५५ बजेदेखि ११:२५ बजेसम्म **शुभ**/राति ११:२५ देखि १२:५५ बजेसम्म **अमृत**/राति १२:५५ देखि २:२५ बजेसम्म **चर**/राति २:२५ बजेदेखि ३:५५ बजेसम्म **रोग**/राति ३:५५ देखि ५:२५ बजेसम्म **काल**/बिहानमा ५:२५ देखि ६:५५ बजेसम्म **लाभ**। |
| आइतबार<br>२०६९/९/१५<br>Dec .30, 2012 | बेलुकी ६:५६ बजेदेखि ८:२६ बजेसम्म **शुभ**/साँझ ८:२६ बजेदेखि ९:५६ बजेसम्म **अमृत**/राति ९:५६ बजेदेखि ११:२६ बजेसम्म **चर**/राति ११:२६ देखि १२:५६ बजेसम्म **रोग**/राति १२:५६ देखि २:२६ बजेसम्म **काल**/राति २:२६ बजेदेखि ३:५६ बजेसम्म **लाभ**/राति ३:५६ देखि ५:२६ बजेसम्म **उद्वेग**/बिहानमा ५:२६ देखि ६:५६ बजेसम्म **शुभ**। |
| सोमबार<br>२०६९/९/१६<br>Dec .31, 2012 | बेलुकी ६:५६ बजेदेखि ८:२६ बजेसम्म **चर**/साँझ ८:२६ बजेदेखि ९:५६ बजेसम्म **रोग**/राति ९:५६ बजेदेखि ११:२६ बजेसम्म **काल**/राति ११:२६ देखि १२:५६ बजेसम्म **लाभ**/राति १२:५६ देखि २:२६ बजेसम्म **उद्वेग**/राति २:२६ बजेदेखि ३:५६ बजेसम्म **शुभ**/राति ३:५६ देखि ५:२६ बजेसम्म **अमृत**/बिहानमा ५:२६ देखि ६:५६ बजेसम्म **चर**। |
| मंगलबार<br>२०६९/९/१७<br>Jan .1, 2013 | बेलुकी ६:५६ बजेदेखि ८:२६ बजेसम्म **काल**/साँझ ८:२६ बजेदेखि ९:५६ बजेसम्म **लाभ**/राति ९:५६ बजेदेखि ११:२६ बजेसम्म **उद्वेग**/राति ११:२६ देखि १२:५६ बजेसम्म **शुभ**/राति १२:५६ देखि २:२६ बजेसम्म **अमृत**/राति २:२६ बजेदेखि ३:५६ बजेसम्म **चर**/राति ३:५६ देखि ५:२६ बजेसम्म **रोग**/बिहानमा ५:२६ देखि ६:५६ बजेसम्म **काल**। |
| बुधबार<br>२०६९/९/१८<br>Jan .2, 2013 | बेलुकी ६:५७ बजेदेखि ८:२७ बजेसम्म **उद्वेग**/साँझ ८:२७ बजेदेखि ९:५७ बजेसम्म **शुभ**/राति ९:५७ बजेदेखि ११:२७ बजेसम्म **अमृत**/राति ११:२७ देखि १२:५७ बजेसम्म **चर**/राति १२:५७ देखि २:२७ बजेसम्म **रोग**/राति २:२७ बजेदेखि ३:५७ बजेसम्म **काल**/राति ३:५७ देखि ५:२७ बजेसम्म **लाभ**/बिहानमा ५:२७ देखि ६:५७ बजेसम्म **उद्वेग**। |

# तपाईंको यो हप्ता

(पौष १२ गते बिहीबारदेखि १८ गते बुधबारसम्म)
(From Dec .27, to Jan 2, 2013)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइल: ९८४६२१८८१५*

१. मेषः तपाईंको यो हप्ता सानो कुरामा चित्त दुखाउने, असन्तुष्ट रहने बानीमा सुधार गर्नैपर्ला जस्तो छ। आवश्यकताभन्दा ज्यादा बोल्दा बन्न लागेका काम बिग्रने सम्भावना देखिन्छ। आफूले विश्वास गरेका व्यक्तिले नै धोका दिने अवस्था पनि आइपर्ला जस्तो छ,सतर्कता आवश्यक छ। खर्च ज्यादा हुँदा मानसिक तनाब बढ्नेछ । हप्ताको अन्तिम दिनहरूको समय सुधार हुँदै जानेछ।

२. वृषः तपाईंको यो हप्ता आम्दानीका नयाँ स्रोत थपिने देखिन्छ। जमिनसम्बन्धी जुनसुकै पेशा अथवा कृषिमा आधारित कामबाट फाइदा राम्रै पाइने देखिन्छ। पुराना इष्टमित्र एक्कासी भेट होलान्। यो हप्ता तपाई जे चाहनु हुन्छ त्यो काम बन्ने छ। हप्ताका अन्तिम दिन मंगलबार र बुधबार भने केही खराब रहेकाले यात्रा तथा नयाँ कामको थालनी नगर्नु उचित हुनेछ।

३. मिथुनः यो हप्ता तपाईंलाई आफ्नै निकटमित्र, शुभेच्छुकसंग झगडा, विवाद पर्ला जस्तो छ। मानसिक चञ्चलता बढिरहने छ। गर्न खोजेका काममा रोकावट चारैतिरबाट आउनेछ। स्वास्थ्यमा समस्या देखिने प्रवल सम्भावना रहेको छ। विशेष गरी खानपानमा सतर्क रहन आवश्यक छ। बद्नाम गर्ने प्रयास कसैबाट हुँदैछ। अत्यधिक बोली वचनमा संयमको आवश्यकता छ।

४. कर्कः यो हप्ता तपाईंको स्वास्थ्य ठीकठाक रहने देखिन्छ। प्रतिष्ठामूलक कार्यक्रममा सहभागी हुन पाइने सम्भावना बलियो छ। सोचेअनुसार सहयोग सबै वर्गबाट पाउनु हुनेछ। कुनै विशेष प्रकारको कार्यमा सहभागी हुने मौका पनि पाइनेछ। आइतबार र सोमबार भने अलि सतर्क हुनुपर्ने देखिन्छ विशेष गरी केटा पक्षबाट प्रेमिका सन्तुष्ट हुनेछैन। समग्रमा यो हप्ताको समय शुभ भए तापनि बाह्य शरीरमा चोट लाग्ने सम्भावना भएकाले विशेष सतर्क पनि रहनु आवश्यक छ।

५. सिंहःतपाईंका लागि यो हप्ता स्वास्थ्यका हिसाबले समय खराब चल्दै छ, विशेष सतर्क रहनु होला। स्वास्थ्य खराब रहे तापनि आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। शैक्षिक क्षेत्रबाट पनि लाभका अवसर मिल्नेछन्। पारिवारिक सुख शान्ति मिल्नेछ। जागिरमा पदोन्नति हुनेछ।

६. कन्याःतपाईंलाई यो हप्ता साना–साना कुरामा पनि शङ्का र चिन्ता गर्ने देखिन्छ। जहाँ नजानु पर्ने हो बाध्यताले जानै पर्ने, जसले दिएको नखानु पर्ने हो तर खानैपर्ने र आफ्नोबारे निन्दा अपमान सुन्नुपर्ने समय छ। तपाईंको काम आफन्त पर्ने व्यक्तिबाट नै बिग्रने देखिनेछ। आम्दानीभन्दा खर्चले जित्ने हप्ता पनि छ भने हप्ताका अन्तिमतिरको समय केही सुधार हुनेछ।

७. तुलाः तपाईंका लागि यो हप्ता जुनसुकै काम गर्न खोज्दा पनि विघ्नबाधा हैरानी हुने देखिन्छ। मनमा सोचे अनुसारको प्रगति नभई दिंदा तीव्र अशान्तिको अनुभव हुनेछ। यात्राको लागि समय त्यति शुभ छैन। अत्यधिक चिसो तथा अगतिलो खानाका कारण वायू, ग्यास्ट्रिक, शरीर दुख्ने, खानामा अनियमितता, अप्रिय लाग्ने समाचार सुन्नुपर्ने सम्भावना पनि बलियो छ।

८. वृश्चिकःतपाईंका लागि यो हप्ता पैसा परिश्रम अनुसारको हात पर्ने समय रहेको छ। जग्गा, जमिन किन्न चाहनु हुन्छ भने यो हप्ता सोमबार र मंगलबार अत्यन्त शुभ रहनेछ। पुराना छुटेका इष्टमित्रसंग भेट हुने मौका पनि पाउनु हुनेछ। विशेष गरी उत्तर र पूर्व दिशाको यात्राले फाइदा मिल्नेछ। समयको राम्रो उपयोग गर्न सक्नु भएमा प्रगति छिटो गर्न सकिनेछ। समय शुभ रहे तापनि घरमा चोरी हुनबाट जोगाउनु होला ।

९. धनुः तपाईंका लागि यो हप्ता आम्दानीमा कुनै कमि हुनेवाला छैन। स्वास्थ्य राम्रै रहने छ। कसैले लगेको धन माग्न गएमा फिर्ता गर्ने छन्। किस्ताबन्दीमा भए पनि बुझिलिनु होला। मंगलबार र बुधबारको समय खराब रहेतापनि नाम चल्ने काममा लगानी गर्ने हप्ता छ । घरमा नयाँ मित्र भेट, नयाँ भोजन र राम्रै चहल पहल हुनेछ। कुनै मुद्धापरेमा तपाईंको जीत हुनेछ।

१०. मकरः यो हप्ता तपाईंलाई पेट र पिसाव सम्बन्धी रोगले सताउने सम्भावना बलियो छ। खानामा अनियमित असन्तुलनले स्वास्थ्यमा बाधा आइपर्नेछ, विशेष ख्याल गर्नुहोला। सानो कुरामा विवाद गरी अलमलाउने प्रयास हुनेछन्, सतर्क हुन आवश्यक छ। घर बस्नु, कसैलाई नगद पैसा सोमबार पारेर दिने काम ठीक छैनन्। यात्रामा बिघ्नबाधा आउने भएकाले विचार पुऱ्याउनुहोला।

११. कुम्भः तपाईंका लागि यो हप्ता सोमबारको दिन विशेष खराब रहने भए तापनि अन्य दिन स्वास्थ्य सन्तुलित रहनेछ। गर्न खोजेका काममा धेरैतिरबाट रोकावट, झन्झट बेहोर्नु पर्ने देखिन्छ। जति नै बिघ्नबाधा आइलागे तापनि धैर्यका साथ लागि परेमा केही हदसम्म कार्य सफल हुनेछन्। आम्दानीभन्दा खर्चमा लगातार वृद्धि हुँदै जाने, पश्चिम दिशाको यात्रामा झन्झट, घरमा अनावश्यक कलह मच्चिन सक्ने हुनाले सतर्क रहनु होला।

१२. मीनः यो हप्ता तपाईंलाई आरोग्यता, प्रशन्नता तथा टाढाबाट धन प्राप्त हुनेछ। विगतको तुलनामा मानसिक शान्ति र आराम मिल्ने छ। आश्रित कर्मचारी, परिवारका सदस्यबाट राम्रै सहयोग पाइनेछ। समय पूर्ण सुधारतर्फ चलिरहेको छ। रोकिएका प्रायः जसो काम छिटै सम्पन्न हुनेछन्। महत्वपूर्ण मौका पाएर पनि छुट्ने सम्भावना पनि त्यत्तिकै रहेको छ।

## साप्ताहिक साहित

पौष १२, २०६९ बिहीबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १३, २०६९ शुक्रबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १४, २०६९ शनिबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १५, २०६९ आइतबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १६, २०६९ सोमबार – पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १७, २०६९ मंगलबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
पौष १८, २०६९ बुधबार – पूर्व दिशाकोमात्र यात्रा शुभ रहेको छ।

## दैनिक राहुकाल सम

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/ आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ,
कम्प्यूटर सेटिङः हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल। **E-mail: haripanta@gmail .com, website: www.jbweekly.com**
मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com